

# सहनशीलताको अर्को नाम : रत्ना राजभण्डारी



● प्रमिला विडारी सापकोटा

**पृष्ठभूमि** : हाम्रो जस्तो पितृसत्तात्मक सोच भएको समाजमा महिलालाई राजनीति गर्न आजको समयमा त सहज छैन भने आजभन्दा चालिस पचास वर्ष अगाडि राजनीतिक गतिविधिमा सामेल हुनु र आफैं अगुवा भएर हिंड्नु अत्यन्तै संघर्षशील र चुनौतीपूर्ण थियो । ग्रामीण क्षेत्रमा जन्मेर ग्रामीण परिवेश भित्रका सम्पूर्ण दुःखकष्ट सहेर हुर्किनु भएकी एउटी साधारण महिला सामाजिक र राजनीतिक चेतनाका साथ अघि बढ्नु त्यो परिवेशमा ठूलो कुरा थियो । तत्कालीन समाज र समयमा उहाँमा भएको त्यो चेतना, सोच र आँट प्रशंसनीय र प्रेरणादायी छ। उहाँ एक निस्वार्थी राजनीतिक सचेतक, सामाजिक अभियन्ता र प्रवासी नेपाली आन्दोलनको एक अगुवा हुनुहुन्थ्यो । भारतको दिल्लीमा उहाँ रत्ना राजभण्डारीका नामले चिनिनु हुन्थ्यो ।

**चिनारी** : प्रवासी नेपाली आन्दोलनमा रत्ना राजभण्डारीको नामले चिनिने उहाँको नागरिकताको नाम लालकुमारी श्रेष्ठ राजभण्डारी थियो । उहाँको जन्म वि.सं. २००१ सालमा तत्कालीन लेखानी गाविस हालको काँठीखोला गाउँपालिका, बाग्लुङमा बुबा कविराज श्रेष्ठ र आमा चन्द्र कुमारी श्रेष्ठको कोखमा भएको हो । उहाँ परिवारकी कान्छी छोरी हुनुहुन्थ्यो । उहाँका एक दाजु र एक दिदी हुनुहुन्थ्यो । उहाँको विवाह बाग्लुङ, नरेठाँटी निवासी मोतीकुमार राजभण्डारीसँग भएको थियो । उहाँका दुई छोरा र दुई छोरीहरू हुनुहुन्छ । उहाँका श्रीमानको ब्लड क्यान्सरका कारण निधन भैसकेको छ। छोराछोरीमाथि लगानी गर्नुपर्ने, बढी हेरविचार गर्नुपर्ने बेला श्रीमानको निधन भएपछि घर परिवारको सम्पूर्ण जिम्मेवारी उहाँको काँधमा आइपुग्यो । प्रवासी भूमिमा एक्लो महिला तर पनि उहाँले हरेस खानुभएन। छोराछोरीको लालनपालनमा कुनै कमी गर्नुभएन । संघर्षमय जीवन बिताउनुभयो । छोराछोरी सबैको विवाहलगायतका सबै व्यवस्था गरिसकेपछि सुख पाउने बेला उहाँलाई घाँटीको क्यान्सर भयो । दिल्लीको राजीव गान्धी क्यान्सर अस्पतालमा लामो समयसम्म उहाँको उपचार भए पनि वि.सं. २०६८ सालमा उहाँको निधन भयो । एक स्वावलम्बी, सबैकी ...**मांग'**, संघर्षशील व्यक्तित्व अस्ताउनु भयो । विभिन्न खाले संघर्ष मै बित्यो उहाँको जीवन ।

**पारिवारिक जीवन** : मध्यम किसान परिवारमा जन्मिनु भएकी रत्नाको बाल्यकाल सामान्य किसिमको थियो । ग्रामीण परिवेशमा छोरीले पढ्नु हुँदैन भन्ने सामाजिक चेतना भएको परिवेशमा हुर्किनु भएकी रत्नाले औपचारिक शिक्षा हासिल गर्न पाउनु भएन । सत्र वर्ष मै बिहे भयो, श्रीमान् दिल्लीमा जागिरे भएकाले विवाहपछि फर्किनुभयो । यता घरमा सासु बुहारीबीच आपसी मेलमिलाप नहुँदा उहाँले धेरै दुःख, कष्ट भोग्नु पऱ्यो । त्यो समयमा बुहारीलाई थिचोमिचो र दलनमा पार्नुपर्छ भन्ने

परम्परागत सामन्ती सोचबाट उहाँ निकै पीडित हुनुभयो । जीवन निकै चनौतीपूर्ण रह्यो । विभिन्न चुनौती र समस्यासँग लडदालडदै पछि नेपाल छाडी दिल्ली श्रीमान् भएकै ठाउँमा जानुभयो । श्रीमान्सँग दिल्ली मै संघर्ष गरी आफ्नो पारिवारिक जीवन अगाडि बढाउन थाल्नुभयो । दिल्ली मै उहाँका चार छोराछोरी जन्मिए ।

जीवनलाई अगाडि बढाउने क्रममा उहाँले अरुको घरमा सहयोगीको कामसमेत गर्नुभयो । काम गरेबापत बस्ने कोठा पाउनु भएको थियो । पछि जीवन संघर्षको क्रममा फ्याक्ट्री मजदुरको रूपमा पनि उहाँले काम गर्नुभयो । फ्याक्ट्रीमा काम गर्दा उहाँ बिरामी पर्नुभयो । बिमारी भएपछि जागिर छोड्नुभयो । अब आर्थिक समस्यालाई कसरी पन्छाउने ठूलो चुनौती थियो । दिल्लीको चाणक्यपुरीमा विवेकानन्द कोलोनी नाम रहेको सुकुम्बासी बस्ती थियो । उहाँको परिवार पनि त्यहाँ सानो घर बनाएर बस्न गयो । छतको व्यवस्था त भयो अरु खर्च कसरी जुटाउने समस्या थियो । एक जनाको कमाइमा छ जनाको परिवार पालिनुपर्ने । उहाँले सानो किराना पसल खोल्नुभयो । अरुको चाकर बन्नुभन्दा आफनो सानै काम पनि ठूलो हुन्छ भन्ने गर्नुहुन्थ्यो उहाँ । प्रवासी आन्दोलनका अगुवा टेकबहादुर केसी उहाँले गर्ने मेहनतबाट धेरै प्रभावित हुनुहुन्थ्यो । नेता केसी भन्ने गर्नुहुन्छ- 'रत्ना जति परिश्रमी हुनुहुन्थ्यो त्यति नै आँटिलो पनि हुनुहुन्थ्यो । कहिल्यै नथाक्ने, कहिल्यै हार नमान्ने ।'

उहाँकी कान्छी छोरी देवी राजभण्डारी आफ्नी आमालाई आफनो प्रेरणा मान्नुहुन्छ । उहाँ भन्नुहुन्छ -'जीवनमा संघर्षदेखि डराउनु हुँदैन भनेर मैले मांग (आमा)बाट सिकेको हो । उहाँ आँटिलो र केही गर्नु छ भने गरी छाड्ने खालको हुनुहुन्थ्यो । आफू नपढे पनि छोरीहरू पढनु पर्छ र छोरीहरू आँटिलो हुनुपर्छ भन्ने भावना उहाँमा थियो । अहिले बुझ्दै जाँदा उहाँ त्यो समयको महिलावादी चिन्तक हुनुहुन्थ्यो भन्ने लाग्छ ।'

**सामाजिक जीवनको प्रारम्भ** : रत्ना राजभण्डारी सानैदेखि संघर्षशील, सहनशील, धैर्यवान् र आँटी स्वभावको हुनुहुन्थ्यो । अन्याय नसहने र नगर्ने बानी उहाँको थियो । जहाँ रहेर पनि आफनो देशलाई माया र सहयोग गर्नुपर्छ र गर्न सकिन्छ भन्ने राष्ट्रिय भावना उहाँमा थियो । प्रवासी नेपाली मानवअधिकार समिति (भारत) र प्रगतिशील नेपाली महिला समितिको विभिन्न समितिमा रहेर नेपालको प्रजातान्त्रिक आन्दोलनलाई सहयोग गर्ने, प्रवासी नेपालीहरूको दुःखमा साथ दिने र आवश्यक सहयोग गर्ने काममा उहाँ सदैव अग्रणी भएर लाग्नु हुन्थ्यो । प्रवासमा समस्यामा

परेका विशेष गरेर नेपाली महिलाहरूलाई सहारा दिने र सहयोग गर्ने काम गर्नुहुन्थ्यो । प्रवासी नेपालीहरूलाई संगठित गरी नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रवासको भूमिबाट उहाँले खेल्नु भएको भूमिका अविस्मरणीय छ । नेपालमा राजतन्त्र विरुद्ध प्रजातन्त्र पुनःस्थापना र नेपाली जनताको मुक्ति, स्वतन्त्रताको लागि दिल्लीस्थित नेपाली राजदूतावास अगाडि आन्दोलन, धर्ना जुलुसमा सक्रिय सहभागिता जनाउने तथा अरु प्रवासी नेपालीहरूलाई संगठित र परिचालित गर्ने काम गर्नुहुन्थ्यो ।

नेपालमा एकदलीय राजतन्त्र विरुद्ध प्रजातन्त्र पुनःस्थापनाको निम्ति प्रवासी नेपालहरूको साथ, सहयोग र ऐक्यबद्धताको लागि दिल्ली जाँदा कमरेड तुल्सीलाल अमात्यलगायत अन्य नेताहरू उहाँको घरमा बस्नुहुन्थ्यो । कुनै अप्ठ्यारो नमानी त्यहाँ हुने भेला बैठकको व्यवस्थापन सबै उहाँले गर्नुहुन्थ्यो । दिल्लीमा उहाँको घर नेताहरूको लागि सेल्टर र एक प्रकारको पार्टी कार्यालय जस्तै थियो ।

नेपाल कम्युनिष्ट पार्टी अमात्य समूहमा संगठित उहाँ लेख्न पढ्न नजाने पनि विचारमा प्रगतिशील व्यवहारमा स्पष्ट हुनुहुन्थ्यो । पार्टीमा उहाँले राष्ट्रिय परिषद सदस्यसम्मको जिम्मेवारी निर्वाह गर्नुभयो ।

प्रवासबाट आफ्नो राजनीतिक जीवनको प्रारम्भ उहाँकै अभिभावकत्वमा गर्नुभएका नेकपाका केन्द्रीय सदस्य गरिमा शाहको भनाइमा, 'उहाँ घरपरिवार, समाज र पार्टीलाई मिलाएर राख्न सक्ने कुशल व्यवस्थापक, संघर्षशील र धैर्यवान् व्यक्तित्व हो । कहिल्यै नरिसाउने, सबैलाई माया र सहयोग गर्ने मांग सबैको आदरणीय र प्रिय हुनुहुन्थ्यो ।'

जति दुःख कष्ट हुँदा पनि आफ्ना जीवनका दैनिक समस्यालाई अलग राख्दै आफूलाई सदैव नेपालको राजनीतिक परिवर्तन र प्रवासी नेपालीको सरसहयोगमा समर्पित गर्नुभयो । सबैको सहयोगी भएका कारण उहाँ छरछिमेक र चिनजान सबैको प्रिय हुनुहुन्थ्यो । उहाँलाई सबैले अभिभावक नै मान्ने गर्दथे ।

उहाँलाई चिन्नेहरूले उहाँको बारेमा गर्ने एउटै विश्लेषण हो -'सहनशीलता र आँटको कुनै धातु हुन्छ भने उहाँ त्यसैबाट बनेको हुनुपर्छ ।' हो ! भावी पीढीले उहाँबाट लिन सक्ने शिक्षा यही हो । ■